मोहन्याल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:२ संख्या: २ मितिः २०७५।०४।०१

भाग-१

**मोहन्याल गाउँपालिका**

**मोहन्याल गाउँपालिका आर्थिक ऐन, २०७५ गाउँ सभाको मिति २०७४।०३।२५ को वैठक वाट स्विकृत**

आज्ञाले,

गणेशदत्त ओझा

प्रमुख प्रशासकीय अधिकृत

# मोहन्याल गाउँपालिकाको आर्थिक ऐन २०७५

मोहन्याल गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष 2075/076 को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा 288 को उपधारा (2) बमोजिम मोहन्याल गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, 2074" रहेको छ ।

(2) यो ऐन 2075 साल श्रावण 1 गतेदेखि मोहन्याल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **एकिकृत सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (2) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (3) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (4) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानुन द्धारा स्वीकृत दर अनुसार सवारी साधन कर हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (5) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (6) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **वहाल बिटैरि करः** गाउँपालिका क्षेत्रभित्र वहाल बिटैरि कर अनुसूचि (7) व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (8) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **बिक्रि तथा निकासी करः** गाउँपालिका क्षेत्र कर अनूसूचि (9) व्यवस्था भए अनुसार बिक्रि तथा निकासी कर लगाइने र असूल उपर गरिनेछ ।

११. कर छुट: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१२. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूचीहरु

मोहन्याल गाउँपालिकाको आ.व. २०७५/७६ को लागि गाउँसभाबाट स्विकृत गरिएका दर तथा

श्रोतहरु

### अनुसूची १

| कर योग्यएकीकृत सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| पाँच लाख रुपैयासम्मको मूल्याकनमा | एक मुष्ठ रु १०० (सय) |
| पचास लाख रुपैयासम्म | प्रति लाख १५(रु पन्ध्र) |
| एकाउन्न लाख देखि एक करोड रुपैयासम्म | प्रति लाख २५(रु पच्चिस) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयासम्म | प्रति लाख ३० (रु तीस) |
| दुई करोड एक लाख रुपैयादेखि तिन करोड रुपैयासम्म | प्रति लाख ३५(रु पैंतिस) |
| तिन करोड एक लाख रुपैयादेखि पाँच करोड रुपैयासम्म | प्रति लाख ४० (रु चालिस) |
| पाँच करोड भन्दा माथि | प्रति लाख ५० (रु पचास) |

## अनुसूची २ (घर बहाल कर)

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा बहाल दिएको रकमको   प्रतिशत बमोजिम घर बहाल कर लगाइने र असूल गरिनेछ ।

## अनुसूची ३ व्यवसाय करः

| सि.नं | विवरण | करको दर दर्ता | नविकरण |
|---|---|---|---|
| १ | चिया, नास्ता, सामान्य किराना पसल,सामन्य कस्मेटिक पसल तथा अन्य यस्तै प्रकृतिका सामान्य व्यवसाय | १००० | ५०० |
| २ | रेस्टुरेन्ट, होटल, बार | २००० | १००० |
| ३ | तयारी पोसाक तथा काचो कपडा पसल | २५०० | १००० |
| ४ | स्टेसनरी तथा खेलकुद सामाग्रि पसल | १००० | ५०० |
| ५ | मासु पसल | १००० | ५०० |
| ६ | कपाल काट्ने सैलुन | ५०० | ५०० |
| ७ | ब्यिुटि पार्लर | २००० | १००० |
| ८ | निर्माण सामग्रि पसल | २५०० | १००० |
| ९ | भाडा पसल | २५०० | १००० |
| १० | मोटर साइकल, जीप लगायत सवारी साधन मर्मत वर्कसप | २००० | १००० |
| ११ | सामान्य औंषधि पसल | २००० | १००० |
| १२ | ल्याव सहितको औंषधि पसल | ३००० | २००० |
| १३ | सुन चादि पसल सानो | २००० | १००० |
| १४ | सुन चादि पसल ठूलो | ३००० | २००० |
| १५ | मदिरा तथा सुर्तिजन्य पसल | २००० | १००० |

## अनुसूची २ (घर वहाल कर)

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा वहाल दिएको रकमको प्रतिशत बमोजिम घर वहाल कर लगाइने र असुल गरिनेछ ।

## अनुसूची ३ व्यवसाय करः

| सि.नं | विवरण | करको दर | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| १ | चिया, नास्ता, सामान्य किराना पसल,सामान्य कस्मेटिक पसल तथा अन्य यस्तै प्रकृतिका सामान्य व्यवसाय | १००० | ५०० |
| २ | रेस्टुरेन्ट, होटल, बार | २००० | १००० |
| ३ | तयारी पोसाक तथा काचो कपडा पसल | २५०० | १००० |
| ४ | स्टेसनरी तथा खेलकुद सामाग्रि पसल | १००० | ५०० |
| ५ | मासु पसल | १००० | ५०० |
| ६ | कपाल काट्ने सैलुन | ५०० | ५०० |
| ७ | ब्यूटि पार्लर | २००० | १००० |
| ८ | निर्माण सामाग्रि पसल | २५०० | १००० |
| ९ | भाडा पसल | २५०० | १००० |
| १० | मोटर साइकल, जीप लगायत सवारी साधन मर्मत वर्कसप | २००० | १००० |
| ११ | सामान्य औसधि पसल | २००० | १००० |
| १२ | ल्याव सहितको औसधि पसल | ३००० | २००० |
| १३ | सुन चादि पसल सानो | २००० | १००० |
| १४ | सुन चादि पसल ठूलो | ३००० | २००० |
| १५ | मदिरा तथा सुर्तिजन्य पसल | २००० | १००० |

| | | | |
|---|---|---|---|
| १६ | टेलरिड पसल | ५०० | ५०० |
| १७ | घ वर्ग निर्माण व्यवसायि इजाजत प्रमाणपत्र | २५००० | ५००० |
| १८ | ग्रिल उधोग | २००० | १००० |
| १९ | फर्निचर उधोग तथा व्यवसाय | १५०० | १००० |
| २० | लघु जलविधुत आयोजना प्रति कि.वा इजाजत | २००० | ५०० |
| २१ | कुटानी पिसानी मिल | १००० | ५०० |
| २२ | क्रसर उधोग | २०००० | ५००० |
| २४ | इट्टा तथा ब्लक उधोग | ५००० | २००० |
| २५ | माछा मार्न अनुमति न्युनतम रु १५००० बाट ठेक्का लगाउने | | |

## अनुसूची ४ (जडिबुटी, कवाडी र जीवजन्तु कर)

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवारः-
मोहन्याल गाउापालिका भित्र खाटो निकासी वापत प्रति के.जि रु १ का दरले कर लाग्ने छ। काउलो, तेजपत्ता, अमला जस्ता जटिबूटि निकासी वाफत प्रति के.जि ५० पैसाका दरले कर लाग्ने छ ।

## अनुसूची ५ बिज्ञापन कर

होर्डिङ बोर्ड तथा भित्ते लेखनको प्रति स्क्वर फुट रु.50 प्रति वर्षका दरले कर लगाउने।

## अनुसूची ६ मनोरन्जन कर

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| 1 | मेला संचालन प्रत्येक पटक | 10000 | |
| 2 | हाईभिजन हल | 5000 | |

## अनुसूची ७ वहाल बिटैरि कर

मोहन्याल गाउँपालिकाको आफ्नो रेखदेखमामा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा वाटोको छेउको जग्गामा भएका छाप्रा, पसल वा आवासमा वार्षिक रु १००० कर लाग्नेछ ।

## अनूसूची ८ (सेवा शूल्क दस्तूर)

| क्र.सं. | विवरण | करको दर रु. |
|---|---|---|
| 1 | सिफारीस(नागरीकता/गरीव/विपन्न लगाएत सामान्य प्रकारको) | 100 |
| 2 | मालपोत सिफारीस | 200 |
| 3 | प्रमाणित नेपालको प्रयोजन | 200 |
| 4 | प्रमाणित वैदेसिक प्रयोजन | 1000 |
| 5 | काउन्सिल प्रमाणिकरण | 100 |
| 6 | गैर सरकारी संस्था सिफारीस | 2000 |
| 7 | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सिफारीस | 5000 |
| 8 | क्लव/आमा समुह/बाल समुह दर्ता सिफारीस | 500 |
| 9 | व्यवसाय सम्वन्धी सीफारीस | 1000 |
| 10 | विद्युत जडानको लागी सिफारीस | 500 |
| 11 | घरको नक्सा पास(सडक मार्ग आसपास) | 5 वर्ग फुट |
| 12 | घरको नक्सा पास सडक मार्ग बहेक माथिल्लो भाग | 2 वर्ग फुट |
| 13 | रोहवरमा बसी कागजात गरेको | 500 |
| 14 | परामर्स सेवा दर्ता सिफारीस | 2000 |
| 15 | पशु व्यवसाय फर्म दर्ता | 500 |
| 16 | पशु व्यवसाय चरीचरण प्रति गोटा | 10 |
| 17 | मिलापत्र | 1000 |